स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अभिनेता पल शाहले कमब्याक फिल्म 'मायावी'को पहिलो चरणको छायांकन सकेका छन् । मुस्ताङ र पोखरापछि अब यो रोमान्टिक-कमेडी फिल्मको बाँकी छायांकन पोखरा र भारतका बैंग्लोर, मुम्बईमा गर्ने तयारी छ । निर्देशक दिवाकर भट्टराईले ३० दिनमा पहिलो चरण टुंगिएको बताए । 'राम्रोसँग पहिलो चरण सकियो। बहुत राम्रो लभस्टोरी छ । मेरो यो ड्रिम प्रोजेक्ट हो भने पल शाहका लागि विशेष फिल्म हुनेछ,' दिवाकरले भने । उनले 'मायावी'ले पलको कमब्याकलाई नयाँ उचाइ दिने बताए ।

**आजको विचार...**



दसैं...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



निश्चल बस्नेत निर्देशित फिल्म 'दिमाग खराब'लाई हुने इनिसियल ओपनिङमा राहत हुने भएको छ । कातिक २४ गते प्रदर्शनको दुई दिन निश्चलको फिल्मले एकल रिलिजको अवसर पाएको हो । सलमान खान र कैटरिना कैफको 'टाइगर ३' को प्रदर्शन मिति २ दिन पर सरेको छ । यो फिल्म 'दिमाग खराब'सग कातिक २४ मै आउने चर्चा थियो । ट्रेलर रिलिजसँगै बलिउडको प्रतिक्षित फिल्म कातिक २६ मा सरेको हो । जसले गर्दा 'दिमाग खराब'ले शोज संख्या उच्च पाउनेछ र सुरुवाती व्यापार आक्रामक हुन सहयोग पुग्दछ ।

❒ वर्ष २९ ❒ अंक ९४ ❒ २०८० कार्तिक २ गते बिहीबार 19 October 2023, Thursday ❒ पृष्ठ संख्या 8 मूल्य रु ५/-

# आज दसैँको पाँचौं दिन, स्कन्दमाताको पूजा गरिँदै

सीमा भट्टराई

**पाल्पा,** कार्तिक १/आज बडादसैंको पाँचौं दिन देवी स्कन्दमाताको पूजा-आराधना गरेर मनाउँदै छ । दसैँघर वा पूजा कोठामा नौ दुर्गामध्येकी पाँचौ स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरी मनाउन लागिएको हो ।

प्रत्येक वर्ष आश्विन शुक्ल पञ्चमी अर्थात् दुर्गा पक्षको पाँचौं दिन स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गर्ने गरिन्छ । नवदूर्गामध्येकी पाँचौं देवीलाई स्कन्दमाताको नामबाट चिन्ने गरिएको छ । भगवान् कार्तिकेयको एक नाम स्कन्द पनि हो । जो ज्ञानशक्ति र कर्मशक्तिको सूचक थिए । त्यस्तै ज्ञानशक्ति र कर्मशक्तिको देवी स्वरुपलाई स्कन्दमाता नामले चिन्ने गरिएको हो । स्कन्दमाता यस्ती दैवी शक्ति हुन् जसले व्यवहारिक ज्ञानलाई कर्ममा बदल्नको लागि प्रेरणा दिने गर्दछिन् । शिव (कल्याण) तत्व युक्त, आनन्दमय, सदैव शान्त यी देवी इच्छा शक्ति, ज्ञान शक्ति र क्रिया शक्तिकी समागम हुन् । जब इच्छा शक्ति, ज्ञान शक्ति र क्रिया शक्तिको मिलन शिव तत्वसँग हुन्छ भने त्यहाँ स्कन्दको जन्म हुन्छ । त्यसैले स्कन्दमातालाई ज्ञान र क्रियाकी स्रोत एवं आरम्भकी प्रतीक मान्न सकिन्छ ।


धार्मिक विश्वास अनुसार भूमिमा रहेको वीर्यबीज शक्तिबाट स्कन्दलाई जन्म दिएकी हुनाले माता पार्वतीको यो रुपलाई स्कन्दमाता भनेर पूजा गर्ने गरिन्छ । स्कन्दमाताको वदन वर्ण पहेंलो चित्रण गरिएको छ । यी देवी मानस गद्दीमा बसेकी र हातमा कमलको फूल धारण गरेकी छन् । यस्ती देवीको भक्ति गर्नाले सन्तान सुख पाइनुका साथै उर्वराले धर्ती सुसम्पन्न हुने बताइएको छ । शिवको पसिनाबाट वीर्यबीज बनेको र त्यसैबाट कार्तिकेय वा स्कन्दको जन्म भएकाले स्कन्दमातालाई कर्म र परिश्रमको प्रतिक मानिन्छ । स्कन्दको माता भएकाले पार्वतीलाई नै स्कन्दमाताका नामले कहलाभएको हो ।



नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत लगायत देवी स्तोत्र पाठ समेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । नवरात्रको पहिलो दिन असोज २८ गते आइतबार दसैं घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो । दोस्रो दिन पूजा स्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरियो । चौँथो दिन कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो । पाँचौं दिन आज स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गर्न लागिएको हो ।

## सक्षिप्त समाचार

### दुर्घटनामा दुई जनाको मृत्यु



**पाल्पा,** कार्तिक १/लुम्बिनी प्रदेशका विभिन्न ठाउँमा भएका दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । प्रदेशका रूपन्देही, दाङमा भएका छुट्टाछुट्टै घटनामा दुई जनाको मृत्यु भएको हो ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देहीको तिलोत्तमा नगरपालिका-१ ड्राईभर टोलमा स्कुटर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । लु.५४ प ५६९३ नम्बरको स्कुटर आफै अनियन्त्रित भई बुधबार बिहान दुर्घटना हुँदा चालक मंगलापुरका २६ वर्षीय सावन थापाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । अन्य एक जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

यस्तै दाङको शान्तिनगर गाउँपालिका-५ रतभटुवास्थित सडकमा मोटरसाईकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । रा.३ प ४३२५ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही ठाउँका १४ वर्षीय सुनिल विकको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# पूर्वमन्त्री पाण्डेयले गरे शुभकामना आदान-प्रदान

**पाल्पा,** कार्तिक १/पूर्व उद्योग मन्त्री, नेकपा एकिकृत समावादीका पोलिटब्यूरो सदस्य एवं लुम्बिनी प्रदेशका अध्यक्ष सोमप्रसाद पाण्डेयले हिन्दुहरुको महान पर्व विजया दशमी, शुभ दिपावली, छठ पर्व र नेपाल सम्वत्का अवसरमा शुभकामना आदान-प्रदान गरेका छन् ।



पाण्डेले बुधबार एक कार्यक्रमको आयोजना गरी तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा एक आपसमा शुभकामना आदान-प्रदान गरेका हुन् ।

यस अघि नयाँ वर्षको अवसरदेखि शुभकामना आदान-प्रदान गर्ने परम्परा बसालेका उनले चाडपर्वमा पनि निरन्तरता दिएका छन् । उनले घर आगनमा आईपुगेको विजया दशमी, शुभ दिपावलीका अवसरमा जिल्लाका विभिन्न क्षेत्रका व्यक्तित्वहरुलाई एकै ठाउँमा राखेर एक आपसमा शुभकामना आदान- प्रदान गरेका हुन् । लामो समयदेखि राजनीतिक क्षेत्रमा सक्रिय बन्दै सरकारको उच्च ओहोदामा पुगेका पाण्डेयले नयाँ वर्षको पहिलो दिनदेखि थालेको साहित्यिक यात्रालाई अहिले पनि निरन्तरता दिएका छन् ।

पाण्डेयले देश तथा विदेशमा रहेका नेपालीहरुलाई कविताबाटै शुभकामना व्यक्त गरे । पाण्डेयले आम नागरिक सधैँ खुसी, सुखी, स्वास्थ्य रहन सकुन् भन्ने कामना गरेका छन् । उनले कुनै पनि नागरिकको आँखामा आँसु देख्न नपरोस्, सबैमा समृद्धि छाओस्, सधै सकरात्मक सोच, परोपकारी भावना जागृत होस्, सबैमा देशप्रति राष्ट्रिय र प्रेम भाव पैदा होस् भन्ने कामना समेत कवितामार्फत गरेका छन् । पाण्डेयले कविता वाचन गर्दा हलमा उपस्थित सबै अचम्म परी सुनिरहेका थिए । सधै राजनीतिक भाषणमार्फत जनताको आवाज बोल्ने पाण्डेयले आफ्नै रचनामा कवितामार्फत जनताप्रति शुभेच्छा प्रकट गर्दा धेरै जना अचम्ममा परे ।

शुभकामना आदान-प्रदान कार्यक्रममा जिल्लाका प्रमुख व्यक्तिहरु, पूर्वमन्त्री, सांसद, सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलहरुका प्रमुख तथा प्रतिनिधिहरु, प्राध्यापक, साहित्यकार,पत्रकार, विद्यार्थी लगायतले एक आपसमा शुभकामना आदान-प्रदान गरेका थिए ।

हार्दिक मंगलमय शुभकामना

हिन्दुहरुको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८० तथा नेपाल सम्वत् ११४४ को सुखद् उपलक्ष्यमा राजनीतिक दल, कर्मचारी, पाल्पावासी आमाबुवा, दाजुभाइ, दिदीबहिनी तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरुमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सोम प्रसाद पाण्डेय
पूर्वउद्योग मन्त्री, संविधान सभा सदस्य एवं पूर्व सांसद पाल्पा-२
पोलिटब्यूरो सदस्य एवं लुम्बिनी प्रदेश अध्यक्ष
ने.क.पा. (एकिकृत समाजवादी)
सम्पर्क नं : ९८५१०८६६६५

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## महँगी नियन्त्रण गर

कुनै ठूलो चाडबाड होस् या अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि सानो बहाना पाउनुहुन्न, नेपाली व्यापारी–व्यवसायीहरू जेमा पनि भाउ बढाइहाल्छन्रु। अहिले दशैं तिहार जस्ता चाडपर्वहरु नजिकिएका छन् जुन नेपाली व्यापारीका निम्ति मौकामा चौका हान्ने समय पनि हो । दिनप्रतिदिन अकासिँदो महँगीले उपभोक्ताको ढाड नराम्रोसित सेकिरहेको छ । तैपनि सरकार भने यसप्रति पूरै बेसरोकार देखिन्छ । स्वाभाविक सीमाभन्दा बढी मूल्य वृद्धि हुन नदिने आफ्नो दायित्वलाई सरकारले सम्पूर्ण रुपमा भुलेको छ । चाडपर्व नजिकिएसँगै बजारमा खाद्यान्नहरुको मूल्य अचाक्ली बढेको छ । जसका कारण उपभोक्ताहरु मारमा परेका छन् । विशेष गरी चाडपर्व मिठो खाने र लाउने पर्वका रुपमा लिने गरिन्छ । तर यस पटक खाद्यवस्तुहरु महँगिदा सामान्य आय भएका नागरिकहरुको दशैं खल्लो हुनेमा चिन्तित छन् । खासगरी, खाद्यान्न, तरकारी र कपडाको मूल्यमा भएको अप्रत्याशित वृद्धिले श्रमजीवी जनताको दशैं नरमाइलो हुने निश्चित छ ।

बजार अनुगमन गर्ने अख्तियार पाएका सम्बन्धित निकायले मूल्य नियन्त्रणतर्फ भने खासै चासो देखाएको पाइँदैन । बजारमा मल्य वृद्धि हुनु नै महँगी बढ्नु हो । नेपाल सरकारलाई भने निकट भविष्यको मात्र होइन, अहिले बजारमा अकासिइरहेको महँगीको समेत कत्ति पनि पर्वाह देखिँदैन । कदाचित सरकारलाई यस्तो चिन्ता हुँदो हो त उसले बजार मूल्यलाई स्वाभाविक मात्राभन्दा बाहिर जान नदिन उचित पहल थालिसक्नुपर्थ्यो । मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ सरकार वा सम्बन्धित निकायले कुनै सक्रियता नदेखाउनु आफैमा दुःख र चिन्ताको विषय हो । राज्यको उपस्थिति हुँदाहुँदै पनि उचित बजार नियन्त्रण हुन नसकेपछि कालाबजारियाहरु हौसिएका छन् । जति मूल्य बढाए पनि नियन्त्रण गर्ने कोही छैन भन्ने भ्रम पालेर व्यापारीहरुले मूल्यमा एकाधिकार कायम गरेका छन् । जसले गर्दा आम उपभोक्ताको भान्सा महँगी बन्न पुगेको छ । यसरी आम नागरिकको भान्सामा महँगी बढ्दै गएका बेला सरकार र सरोकारवाला निकाय मुकदर्शक भएर बस्न कदापि मिल्दैन । यस सम्बन्धमा स्थानीय प्रशासनले स्थानीय सरकारसँग समन्वय गरेर केही न केही ठोस कदम चाल्न आवश्यक छ ।

### Opinion @ Social Network

कमजोर मान्छेहरु बद्ला लिन्छन्
बलियो मान्छेहरु बद्लिएर देखाउछन् ।
(टंक सारुको फेसबुक स्टाटस https://www.facebook.com/Tanka.saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दसैं उल्लासमय बनोस्




आश्विन महिनाको शुक्ल प्रतिपदाका दिनदेखि दशमीसम्म दश दिन मनाउने नेपाली जनको महान चाड बडा दशैं यो वर्ष पनि नेपाली जनको घर आगनमा आईसकेको छ । राष्ट्रिय पर्वको रुपमा समेत लिईने यस पर्वले हिन्दु धर्मलाम्बी मात्रै नभएर सम्पूर्ण नेपालीजनमा हर्ष, उल्लास र आत्मियता थपिदिने गर्दछ । हुने खाने होस् वा हुँदा खाने नै किन नहोस् दुवै वर्गले आ-आफ्नो हैसियत अनुसार यस पर्वलाई मनाउने गर्दछन् । प्राकृतिक रुपमा पनि उपयुक्त मौसममा मनाईने यो पर्वको साँस्कृतिक महत्व मात्रै नभएर वैज्ञानिक महत्व पनि उत्तिकै रहेको सजिलै अनुमान लगाउन सकिन्छ । दसैं पर्व र यसैसँग सम्बन्धित आर्थिक, साँस्कृत्तिक तथा सामाजिक पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

आश्विन शुक्ल प्रतिपदा देखि नवमी सम्म नव दुर्गाको विभिन्न रुप र शक्ति पिठको आराधना गर्दै दसौं दिनको दिन मान्यजन तथा ठूला वडाबाट रातो टिका र जमरा लगाउने र सम्भव भएसम्म आफ्न्त, दाजुभाई, इष्ट मित्र नातागोता भेट्ने र आर्शिवाद लिने, मिठो मसिनो खाने, राम्रो लगाउने चलन परापूर्व कालदेखि चल्दै आएको पाईन्छ । केहि जाती विशेषमा सिमित रहेको पूर्णिमा सम्म नै टिका र आर्शिवाद लिने परम्परालाई पछिल्लो समय सबै जातिमा पुगेको देखिन्छ । पूर्णिमासम्म टिका लगाउने चलनलाई विस्तार गरिएता पनि दशमीको दिनको टिका र आर्शिवादको महत्व बेग्लै रहेको देखिन्छ । असत्य माथि सत्यको विजयको उत्सवको रुपमा लिईने यस पर्वमा नौ दिनसम्म विभिन्न शक्ति पिठहरु शैली पुत्री, बैहमाचारणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्ययिनी, कालरात्री, महागौरी, सिद्धिदात्रीका नाममा नव दुर्गा माताका विभिन्न रुपका पुजा अर्चना गर्ने परम्परा रहेको देखिन्छ । यो पर्व मनाउनको लागि सरकारका तर्फबाट लामो समयको सार्वजनिक विदा दिने चलनले झनै उल्लास थपिएको देखिन्छ ।

हाम्रा परम्परा, रितीथिती र चाडपर्व हाम्रा पहिचान र आस्थाको केन्द्र मात्रै होइन, हामीलाई खुशी र हाँसो थपिदिने माध्यम पनि हुन् । समय-समयमा आउने विभिन्न प्रकारका साँस्कृतिक परम्पराले हामीलाई अमेरिका र युरोपका नागरिकले जस्तो लाखौ खर्च गरेर क्षणिक खुसी र हाँसोको लागि क्लबहरुमा धाउनु परेको छैन । मेसिनले जस्तो जीवन बिताउनु पनि परेको छैन । हाम्रा पूर्खाले सिर्जना र परिकल्पना गरेका यस्ता मौलिक परम्पराले हामीलाई भाग्यमानी बनाई दिएको छ मात्रै हाम्रो कर्तव्य हो, यसको परम्परागत पक्षलाई जोगाउनु र विकृति प्रवेशमा रोक लगाउनु । हाम्रा हरेक चाड पर्व तथा रितीथितीहरु परम्परामा मात्रै सिमित नरहेर यसको गहिरो अध्ययन गर्ने हो भने भेटिन्छ वैज्ञानिक महत्व । चाडपर्वले एउटा छुट्टै किसिमको खुसी र हाँसो नेपालीहरुको मुहारमा थपिदिएको देखिन्छ तर पछिल्लो समय चाडपर्व मनाउने नाममा विभिन्न किसिमका विकृति र आधुनिकता थपिदा कतै यसको महत्वमा कमी आउने त होईन यसतर्फ भने चिन्ता थपिएको देखिन्छ । देखासिकी र फजुल खर्चले यस पर्वको परम्परागत महत्व र शैलीमा ह्रास आउने, अनावश्यक खर्चिलो बन्दै जाने, खानपान, भेषभुषा आदिमा आधुनिकता प्रवेश हुने डर पनि रहेको देखिन्छ । हाम्रै बानी ब्यवहारका कारण आयो दशै ढोल बजाई, गयो दशैं ऋण बोकाई भन्ने उखानलाई चरित्रार्थ बनाउने पक्षबाट जोगिन आ-आफ्नो तर्फबाट सजग हुन जरुरी भने देखिन्छ भने यसका लागि नेपाली समाजमा चलेको उखान घाटी हेरेर हाड निल्नु भन्ने भनाईलाई आत्मसाथ गर्न जरुरी देखिन्छ ।

> *हाम्रा परम्परा, रितीथिती र चाडपर्व हाम्रा पहिचान र आस्थाको केन्द्र मात्रै होइन, हामीलाई खुशी र हाँसो थपिदिने माध्यम पनि हुन् । समय-समयमा आउने विभिन्न प्रकारका साँस्कृतिक परम्पराले हामीलाई अमेरिका र युरोपका नागरिकले जस्तो लाखौं खर्च गरेर क्षणिक खुसी र हाँसोको लागि क्लबहरुमा धाउनु परेको छैन । मेसिनले जस्तो जीवन बिताउनु पनि परेको छैन । हाम्रा पूर्खाले सिर्जना र परिकल्पना गरेका यस्ता मौलिक परम्पराले हामीलाई भाग्यमानी बनाई दिएको छ मात्रै हाम्रो कर्तव्य हो, यसको परम्परागत पक्षलाई जोगाउनु र विकृति प्रवेशमा रोक लगाउनु । हाम्रा हरेक चाड पर्व तथा रितीथितीहरु परम्परामा मात्रै सिमित नरहेर यसको गहिरो अध्ययन गर्ने हो भने भेटिन्छ वैज्ञानिक महत्व । चाडपर्वले एउटा छुट्टै किसिमको खुसी र हाँसो नेपालीहरुको मुहारमा थपिदिएको देखिन्छ तर पछिल्लो समय चाडपर्व मनाउने नाममा विभिन्न किसिमका विकृति र आधुनिकता थपिदा कतै यसको महत्वमा कमी आउने त होईन यसतर्फ भने चिन्ता थपिएको देखिन्छ । देखासिकी र फजुल खर्चले यस पर्वको परम्परागत महत्व र शैलीमा ह्रास आउने, अनावश्यक खर्चिलो बन्दै जाने, खानपान, भेषभुषा आदिमा आधुनिकता प्रवेश हुने डर पनि रहेको देखिन्छ ।*

चाड पर्व नजिकिदै गर्दा नेपाली बजारमा वस्तु तथा सेवाको उत्पादन, बिक्री वितरणमा विभिन्न किसिमका अवरोध तथा समस्याहरु उत्पन्न भई आम उपभोक्ताको उपभोग्यवस्तु खरीदमा विभिन्न अपठ्यारो स्थिति सिर्जना हुने गरेको देखिन्छ । एकातिर उत्पादक तथा व्यापारीले चाडपर्वलाई लक्षित गरी कृतिम अभाव सिर्जना गर्ने, मनोमानी तरिकाले मूल्य निर्धारण गर्ने, कालाबजारी जस्ता कार्य गरि आम जनताको दैनिकीमा झनै अप्ठयारो स्थिती बनाउने । गुणस्तरहिन, मिसावट गरी उपभोक्ताको स्वास्थ्यमा असर पुऱ्याउने वस्तु बिक्री वितरण गर्ने गरेको देखिन्छ भने सरकारका निकायहरु यसको नियन्त्रणमा र यसलाई व्यवस्थित बनाउने पक्षमा बेखबर जस्तै देखिने गरेको र तामझामका साथ बजार अनुगमनमा निस्कने गरेको आरोप लाग्ने गरेको देखिन्छ ।

चाडपर्व लक्षित सरकारी तवरबाट खोलिएका पसलहरुमा सबै स्थानका सर्वसाधरण जनताको पहुँच नपुग्ने र केहि सिमित हुने वर्गले मात्रै सुविधा लिने गरेको र जसको कारण सरकारको यो कार्य कर्मकाण्डी जस्तै बनेको देखिन्छ । दसैंमा आधुनिकताको नाममा पछिल्लो समय विकृतिले प्रवेश गरेको देखिन्छ । यसले दसैं पर्वको परम्परागत महत्वलाई नै संकटमा पुऱ्याउने प्रयास भैरहेको अनुमान लगाउन सकिन्छ । दसैं भन्ने वित्तिकै युवा लगाएत सबैं उमेरका मानिसहरु जुवा तास खेल्ने, यसलाई मनोरञ्जनमा मात्रै सिमित नराखेर यसबाट ठूलो धनराशीकै लेनदेन गर्ने, सम्पत्ति नै समाप्त पार्ने, घर परिवारमा पिडा दिने, सुकुम्बासी बन्ने गरेको देखिन्छ भने मादक पदार्थ खाएर सामाजिक वातावरणलाई अशान्त बनाउने, झै झगडा गर्ने, लडाई काटमार गरी अपराधका घटना घटाउने गरेको पाईन्छ । साथै ऋण गरेरै घिउ खानुपर्दछ भनेझै चर्को ब्याज तिर्ने गरी आफ्नो हैसियत बिर्सेर देखासिकीमै फजुल खर्च गर्ने, खसी बोका काट्नै पर्ने , दानदक्षिणा आफ्नो हैसियत माथि उठेर दिनुपर्ने, अनावश्यक भोजभतेर गर्ने यस्ता क्रियाकलापलाई हटाई देखासिकी हैन आफ्नो गक्ष अनुसार पर्व मनाउने प्रयास गर्नु पर्ने देखिन्छ ।

हाम्रा परम्परा, रितीथिती र चाडपर्वलाई बचाई राखी हामी पछिका पुस्तालाई हस्तान्तरण गर्नु हामी सबैको कर्तव्य हो, हाम्रो बानी व्यवहारलाई सुधार गर्न सक्ने हो भने यो सम्भव पनि देखिने गर्दछ । आफ्नो व्यवहार सुधार नगर्ने तर दोष परम्परालाई दिने छुट हामी कसैलाई पनि छैन् । चाडपर्वमा रहेका परम्परा पक्षलाई बचाई कम खर्चिलो, विकृति र विसंगति मुक्त, सदभाव, एकता र भातृत्वको पक्षलाई महत्व दिनुपर्दछ । यसलाई समृद्धि र भाईचाराको पर्वको रुपमा विकसित गराउँदै लैजानु पर्दछ । हुने र हुँदा खानेबिच असमानताको खाडल बढाउने होईन समानता कायम गर्ने पर्वको रुपमा यसलाई रुपान्तरण गर्नु पर्दछ । साँस्कृतिक पक्षलाई जोगाउँदै जनताको जीवनस्तर र समृद्धिका बाटाहरु खुल्ने गरी यो पर्वलाई राष्ट्रिय एकताको रुप दिनुपर्दछ । आयो दसैं ढोल बजाई गयो दसैं ऋण बोकाई भन्ने उखानको अब अन्त्य हुनुपर्दछ । दसैंलाई दशा हैन लाभ हासिल गर्ने पर्वको रुपमा विकसित गर्दै लैजानु पर्दछ, दसैंले उल्लासमंय बनाउन हामी सबै लाग्नु पर्दछ । वडा दसैं २०८० को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, समृद्धि र स्वस्थ जीवनको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्, तर विद्या र बुद्धिमा ह्रास आउन सक्छ । | **तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । भूमिबाट लाभ पनि रहला । |
| **वृष** : घुम्न जाने योजना बन्न सक्छ । ठूला व्यक्तिले मेहनतको प्रसंग गर्नेछन् । | **वृश्चिक** : अनावश्यक खर्चबाट पनि बच्न सकिन्छ । आज सफल यात्रा हुनेछ । |
| **मिथुन** : जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ । | **धनु** : अनावश्यक धन खर्च हुँदा मानसिक चिन्ता बढ्नेछ । |
| **कर्कट** : वैदेशिक क्षेत्रबाट राम्रो हुने र व्यापार र व्यवसाय फस्टाउनेछ । | **मकर** : शैक्षिक क्षेत्र पनि राम्रै रहला । दैनिक कार्यहरूमा प्रगति हुनेछ । |
| **सिंह** : गरेको कार्यबाट सफलता मिल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **कुम्भ** : सरुवा र बढुवाको योग छ । रोकिएको धन हातलागी हुनसक्छ । |
| **कन्या** : आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । | **मीन** : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । |




बाल नाटक — कमल रिजाल

# आहार विज्ञान

स्थान- सामुदायिक विद्यालयको आँगन
समय अपराह्न तीन बजे
पात्रहरू- सुवर्ण- स्वास्थ्य शिक्षा शिक्षक, सुलोचना- कक्षा १० की छात्रा, सुभद्र- कक्षा १० को छात्र, सुप्रभा- कक्षा १० की छात्रा, सुदर्शन- कक्षा १० को छात्र ।

नेपथ्यमा सामुदायिक विद्यालयको परिसर देखिन्छ । दर्शक दीर्घामा विद्यार्थी र उनीहरूका अभिभावकहरू लहरै बसेका हुन्छन् । रङ्गमञ्चमा शिक्षक सुवर्ण कुर्सीमा बसेर विद्यार्थीहरूको प्रतीक्षा गरिरहेका देखिन्छन् । एक छिनमा विद्यार्थीहरू आएर शिक्षकलाई नमस्कार गर्दै वरिपरि बस्छन् ।

शिक्षक- (विद्यार्थीहरूलाई सम्बोधन गर्दै) भन त बाबु नानी हो ! आजको अतिरिक्त कक्षामा के पढ्ने विचार गरेका छौ ।

विद्यार्थीहरू (सामूहिक स्वरमा) खानाका बारेमा जान्न चाहन्छौँ गुरु !

शिक्षक- राम्रो, तर कुन कुरा जान्न चाहेका हौ त्यसबारे विचार गरेका छौ ?

सुलोचना- अस्ति तपाईँले हीतभुक, ऋतभुक र मीतभुकमा ध्यान दिनुपर्छ भन्नुभएको थियो त्यो भनेको के हो गुरु !

शिक्षक- ए ! त्यो ? लौ सुन । हीतभुक भनेको फाइदा गर्ने चीज मात्र खानुपर्छ भन्ने हो । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने बुझ्नुपर्छ । अनि मीतभुक भनेको थोरै खानुपर्छ भन्ने हो ।

सुभद्र- कुन समयमा कुन चीज खाने भन्ने नियम पनि छ कि गुरु !

शिक्षक- छ नि किन छैन । मङ्सिर पुस महिनातिर चिसो बढी हुन्छ । त्यसले शरीरको बाहिर एउटा आवरण बनाउने काम गरेको हुन्छ । यसबाट शरीरको गर्मी बाहिर जान पाउँदैन र पाचनशक्ति बढाउने गर्छ । त्यसैले यतिबेला पिरो, अमिलो, तीतो र चिल्लो भोजन गर्नु उपयुक्त हुन्छ । यसबाहेक यतिबेला नयाँ अन्न खानु बढी उपयुक्त हुन्छ । नयाँ अन्नमा भिटामिन बढी हुन्छ । बढी भिटामिन पचाउन पाचन शक्ति पनि त्यस्तै हुनुपर्ने हुन्छ, जुन यति बेलाको समयले दिएको हुन्छ । त्यस्तै माघ र फागुन महिना पनि चिसै महिना हो । त्यसैले यतिबेला पनि यस्तै आहार उपयुक्त हुन्छ ।

सुदर्शन- अनि अन्य समयको खाना कस्तो हुनुपर्छ नि गुरु !

शिक्षक- ठीक भन्यौ । चैत र वैशाखतिरको खाना अमिलो, मीठो र रसिलो उपयुक्त हुन्छ । जौ, गहु आदि पनि यतिबेलाका उपयुक्त आहार हुन् । त्यस्तै जेठ र असारतिरका खाना चिसो र मधुर हुनु राम्रो हुन्छ । दूध, दही, घ्यु र चामल यतिबेलाका उपयुक्त आहार हुन् । बढी नुनिलो, अमिलो, तीतो तथा तातो चीजबाट भने बच्नुपर्ने हुन्छ । त्यसैगरी साउन र भदौतिर जौ, गहुँ, तथा चामल खानु राम्रो मानिन्छ तर ती सकेसम्म पुरानो राम्रो हुन्छ । सम्भव भएसम्म खानामा मह मिलाएर खाँदा बढी फाइदा गर्छ । यतिबेला नदी तथा खोलाको पानी खान तथा पानीमा घोलेको सातु भने खानुहुँदैन । त्यस्तै असोज र कात्तिकतिरको समयमा मधुर र शीत प्रधान खाद्यान्न राम्रो मानिन्छ । यो पित्तजन्य प्रकोपको समय भएकाले पित्त बढाउने खाना भने सकेसम्म नखाँदा नै राम्रो हुन्छ ।

सुलोचना- ऋतभुकलाई पनि थप प्रष्ट पारिदिनुहुन्छ कि गुरु !

शिक्षक- अवश्य । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने त बुझिहाल्यौ । जहाँसम्म नियमपूर्वक खानुपर्छ भनेको के हो भन्ने कुरा छ । त्यो भने हरेक कुराको नियम हुन्छ । यसमा खाना पनि पर्छ । तरिका मिलाएर खाए त्यही खाना अमृत बन्छ नत्र विष बनेर दुःख दिन सक्छ । खाना खाँदा सुरुमा ठोस् बीचमा पिरो र अन्त्यमा तरल चीज खानु राम्रो हुन्छ तर धेरै पिरो, अमिलो, चिल्लो, गुलियो, नुनिलो, चिसो र तातो नहोस् भन्नेतर्फ भने सतर्क हुनुपर्छ । तातो खाएको लगत्तै चिसो खानु राम्रो हुन्न । खानासित पानी खानु पनि राम्रो होइन । त्यसैले खाएको एक घण्टापछि मात्र खानुपर्छ । बेलुका सुत्ने बेला तातो र बिहान उठ्ने बित्तिकै चिसो पानी खानु राम्रो हुन्छ । बासी, सडेगलेको र गरिष्ठ चीज कहिल्यै पनि खानुहुँदैन । बेलुका सकेसम्म सुत्नुभन्दा दुई घण्टा अगाडि नै खाइसक्नुपर्छ । फलफूल स्वास्थ्यवर्धक हुन्छन् तर बेलुका सुत्ने बेलामा र बिहान खाली पेटमा भने नखाँदा नै राम्रो हुन्छ ।

सुभद्र- अनि मीतभुक भनेको के हो नि गुरु !

शिक्षक- यो भनेको थोरै खानुपर्छ भन्ने हो तर यसको अर्थ पेट भोकै राख्ने भन्ने होइन । सकिन्छ भने पेटको दुई भाग मात्र खानाले भर्नुपर्छ । एक भाग पानीलाई र एक भाग वायुलाई खाली छाडिदिँदा बढी राम्रो हुन्छ । त्यसैले एकैचोटी कोचिकोची खानुभन्दा थोरथोरै गरेर पटक पटक खानु राम्रो हुन्छ । बिहानको भन्दा बेलुकाको खाना हल्का हुनुपर्छ । बिहानको खाना मागेर र बेलुकाको खाना बाँडेर खानु भन्ने त भनाइ नै छ । यत्तिकैमा समय सकिएको घण्टी बज्छ । पर्दा खस्छ र सबै घरतिर लाग्छन् ।

*-रातोपाटी डटकम*

# बिदाको सपना

प्रत्येक दुईहप्ताको कामपछि तेस्रो हप्ता आरामको लागि समय दिने मेरो कम्पनीले यो पटक पनि नियम अनुसार नै मलाई छुट्टि दिएको थियो। आकासले पनि आफ्ना नाङ्गा शरीर भरी दिनभरि सूर्यलाई नचाएर लागेको थकानलाई मेटाउनका लागि सुस्ताएको थियो मसँगै रातको छहारीमा । जसरी म सुस्ताइरहेको थिएँ आफ्ना दिनभरिको पसिनाले भिजेको र कामको दुखाईले थिचेको मेरो शरीरलाई लम्पसार फालेर।मोबाईलले एक्कासि जोड्जोड्ले चिच्याएर बिहान भएको सङ्केत दियो । मलाई भने मोबाईल चिच्याएकोमा रिस उठ्यो र हत्तपत्त मोबाईलको घाँटी थिचिदिएँ, 'बिहान भएको थाहा पाउने तर आज बिदा रहेको थाहा नपाउने । त्यसलाई थाहै छ नि बिदाको दिन अबेरसम्म सुत्छु भन्नेकुरा ।' मनमनै भुनभुनाउदै पुन: बिछ्यौनमा आफ्नो शरीरलाई फालिदिएँ ।

कच्चिबाटोमा कहिले भित्तामा जोतिदै त कहिले छेउतिर ढल्कदै उकालो लाग्दै थियो बस । कुनै चाडबाडको अवसर पारेर जोड्ले निङ्गार पिई होस गुमाएको बटुवा जस्तै । यात्र गरिरहेकाहरू मध्ये धेरैजसो त आईमाईहरू थिए । धेरैले काखमा आफ्नै अनुहारका सानीबच्ची च्यापेका थिए । अनि छेवैमा उभिएका थिए तिनै अनुहारमा मुसार्दै तिनीहरूकै लोग्नेहरू । बीचरीहरू बसले छेउ र भित्तामा पछार्दा डरले चिच्याउथे र गाली गर्थे चालकलाई। बिचरा चालक सरकारलाई दोस लागाउँदै भनेको सुनिन्थ्यो, सरकारले पिच गरिदिए त यतिका जोखिम युक्त यात्र गर्नै पर्थेननी।तर बस भने हल्लन नछोडी उकालोबाटोमा बल लगाउदै चढ्दै थियो । बसका झ्यालबाट बहिराको दृश्यहरूमा आफ्ना मनहरू डुलाइरहें । जङ्गलको बीचबाटो हुँदै उकालो चढ्दै थियो बस । सडकको छेवैमा उभिएका कति रुखहरू त मोटोरको धुँवा र सडकको धुलो माटोले कुरुप देखिन्थे नचिनिने गरी । अलिपर तिरका अम्बाका बोटहरू भने सुन्दर आफ्ना शरीरलाई प्रदर्सन गर्दै उभिएका थिए । कति किसोरहरू त कल्पनामा हराँउदा हुन् ती अम्बाका बोट देखेर किनकि तिनीहरू कुनै नाङ्गा युवतीभन्दा कम थिएन । सल्लक परेका जिउ, अँझ अनि झ्याम्मा परेका पातहरू अनि तिनै शरीरमा उठेको भाग कुनै युबतिको छातीभन्दा कम थिएन । त्यसैले त तिनै उफ्राईको यात्रलाई पनि सहज पारिदिन्थे युवा किसोरहरूलाई । तर किशोरीहरूलाई भने डाहा र रिस एकै चोटी लाग्थ्यो होला । अम्बाको बोटप्रती । आमाले गुन्द्रुक र फापारको रोटि पोको पारेर पठाउनु भएको थियो । पेटले आमाले पठाउनु भएको खाजाको सम्झना दिलाई दिईहाल्यो । सिटमा पनि म एक्लै थिएँ त्यो पनि अन्तिम सिट । त्यसैले सजिलो महसुस गरेँ र झोलाको बाहिरी भागमा रहेको गुन्द्रुक र रोटिलाई निकालेर खाना थालेँ क्वाप्पा क्वाप्पा बस भने आफ्नै रफ्तार र हल्लाईमा उकालो चढ्दै थियो । आधा जङ्गल आई पुगेको हुनुपर्छ । एक्कासि केही पड्केको ठूलो आवाज आयो । यात्रमा हुनेहरू सबै डरले चिच्याए । चालक र सहचालक पनि डराए जस्तो देखिन्थ्यो । बस भने बिस्तारै भित्तातिर ढल्कियो। सबैजना ओर्लिए । चालकले बसको टाएर पड्केको र आफूहरूसँग थप नरहेकोले अब अघि जान नसक्ने जानकारी दिए । सबै जना एक अर्काका मुख हेराहेर गर्न थाले । कसैको मुखबाट पनि केही शब्द निस्केन । ती जङ्गल भरी उभिएका बोट र मान्छेहरू उस्तै देखिन्थे टोलाएका हल्चलसम्म नगरी । केहीछिनको टोलाई पछि भने बिस्तारै हल्ला गर्न थाले ती मान्छेहरू । तर चुपचाप सुनिरहे र हेरिरहे तिनै अम्बाका बोटहरूले ती मान्छेहरूलाई । अम्बाका बोटहरूले मान्छेका मुहारहरू प्रष्ट हेर्न नपाउदै सबै आफ्ना आफ्ना बाटो लागे । साँझ पर्दै थियो भने म लम्कदै थिएँ । बसमा संगै यात्र गर्नेमा कोही पनि चिनेकाहरू थिएनन् । चिनून् पनि कसरी ? म कहाको मान्छे, अनि तिनीहरू कहाँका? म साथीले बोलाएको कारण साथीको बिहेमा जाँदै थिएँ । नौलो ठाउँ नौलो मान्छे । मैले साथीलाई सबै जानकारी दिएर फोन गरेको थिएँ । साथीले सबैजना ब्यस्ता भएकोले गाउँकै अरु दुई भाइहरूलाई लिन पठाएकोले बिस्तारै सडकै सडक हिन्दै आऊ भनेकोले म अलिमाथिसम्म जाँदै थिएँ । साँझ झम्मक परेको थियो । कोही पनि केटोहरूले मेरो नाम लिएर आएनन् । केही किसोरहरू त भेटें तर सोध्दा उल्टै झर्केर ओरालो झरेका थिए । त्यसैले चिन्तित हुँदै बरको जरामा आफ्नो झोला अढ्याएर अढेस लगाई सोचिरहें । मोबाईलमा ब्याट्रिसकेकोले मोबाईल पनि अफ भइसकेको थियो । नजिकै कतै घर भेटिए बास बस्ने र भोलि सोध्दै जाने निर्नय बनाई चारै तिरा हेर्दै थिएँ । पछाडिबाट सुमुधुर आवाजमा कसैले मलाई दाइ भन्दै सम्बोधन गरेर बोलाएको आवाज मेरो कानमा ठोकियो । महिला अवाजलाई पूरा आफ्नो ज्ञानेन्दृयामा पुऱ्याउन नपाउदै मैले पछाडि फर्केर हेरेँ । एउटी आधिबैसे आईमाई उभिएकी थिई मेरीसामु । ढुङ्गा खोज्दा देउता मिले झैँ मैले सहयोग पाउने आसाले साथीको नाम र ठेगाना दिएँ र सबै कुरा प्रष्ट भनेँ । साथीको ठेगाना र नाम थाहा नभएको जानाकरी संगै यता नजिक कतै बस्ती नरहेको जानकारी पनि दिइन् । र आपात परेकोले अलि टाढा रहेको आफ्नो घरसम्म लगेर बास दिन सक्ने जानाकरी पनि दिइन । मसँग अरु बिकल्प पनि त थिएन र पछि लाग्ने निधो गरेँ । उनी अघि अघि लागिन् म पछि पछि लागेँ । लगभग १ घन्टापछि एउटा सुबिधा युक्ता बङ्गलामा आइ पुग्यौँ । अच्चमा लाग्यो । यत्रो जङगलको माझ यस्तो बिकट ठाउँ तर यत्रो महल कसरी ? छक्क परेँ म । पत्याउन गाह्रो थियो तर पनि नपत्याई धर थिएन किनकि आफू तिनै बङ्गलाको मुलद्वारमा उभिएको थिएँ । भित्र पस्न अनुरोध गरिन् । भित्र गएँ । अच्चमा सुननै सुनले पोतिएका भित्ता थियो । कोठाहरू कति सुगन्धित सबैबाट विभिन्न जातका फुलहरूका बासना आउथ्यो । म त छक्क परेँ । आफैले आफैलाई विश्वास गर्न सकिन तर पनि म त्यही उभिएको थिएँ । मैले उनीलाई हेरेँ तर उनी त्यहाँ थिइन् । अघि संगै उभिएकी युवती आफूसंगै नपाँउदा छक्क परेँ । तैपनि अँझै भित्र गएँ उनी त मभन्दा अगाडि नै भित्र गइसकेकिरहेछे झन मलाई अच्चम तुल्यायो । उनी भित्र टेबलै भरी खाने कुरा राखेर पर्खिरहेकिरहेछिन् । गएँ र टेबलमा बसेर खाना थालेँ । त्यही बेला उनीले आफ्नो जानकारी दिई । म तिम्रै साथीको गाउँकै मैचा हुँ । नेवारीकि छोरी । म यहाँ बस्ना थालेको आजैबाट हो । योभन्दा अघि म तिम्रो साथीकै गाउँमा बस्थैं । त्यहाँ बस्दा हिजोमात्र मेरो लोग्नेको बिदेशबाट लास आयो। उनैको मेहनतले यो अनकान्टार ठाउँमा मैले यो महल ठाडाएको थिएँ । ...उनीले आफ्नो सबै जानकारी दिइसक्दासम्म मैले आफ्नो भोक मेटाइसकेको थिएँ ।उनीले सुत्नको लागि बिछ्याउन देखाई । सुनै सुनले सजिएको बिछ्याउन थियो । सबैबाट विभिन्न थरिको सुभास आउथ्यो । बिस्तारै बिछ्यौनामा पल्टिएँ । तर बिछ्यौनमा पल्टने बितिकै म एक्कासि हावामा फिलिङ्गिदै आकासबाट बादलहुँदै तल खसेँ । तब पो एक्कासि ब्यूँझिएँ र जुरुक्कै उठेछु । आफ्नै अगाडिको भित्तामा टाँसेको ऐनाले मलाई मेरै भखरै उठेको अँध्यारो मुहार देखाइरहेको थियो । पछि फोन गरेर सोधेको त त्यो केटीको नाम नै मेरै साथीको बहिनीको नाम रहेछ । साउदीमा काम गर्ने क्रममा दुर्घटनामा परि उनको श्रीमानको मृत्यु भएको खबर सुनेर हिजो बेलुका बेहोस भएकी उनी बिहानी पख दुई बजेतिर मरेकी थिइरे । मेरो सारै मिल्ने बहिनीको साथी जो मलाई एक पटक मुहारै नदेखाई सदाको लागि टाढा गइछे । उनको आत्मालाई चीर शान्तिको कामना गर्दैमा उठे ।

*-साहित्य संसार डटकम*

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।
हरि प्रसाद कोइराला प्रिन्सीपल
डा.राम प्रसाद शर्मा अध्यक्ष
एवं
सिद्धार्थ मल्टीटेक्निकल इन्स्टिच्यूट परिवार
काजीपौवा, तानसेन, पाल्पा

विजया दशमी २०८० को शुभकामना
विजया दशमी २०८० को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रत्नमान बज्राचार्य सचिव
सरोजलाल शाक्य उपाध्यक्ष
सर्जुलाल बज्राचार्य अध्यक्ष
श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.
तानसेन-६, पाल्पा

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।
दिपक प्रसाद ज्ञवाली प्र.अ.
विधान प्रसाद श्रेष्ठ वि.व्य.स.अध्यक्ष
एवं
मोहन कन्या माध्यमिक विद्यालय परिवार
तानसेन, पाल्पा

विजया दशमी २०८० को शुभकामना
विजया दशमीको अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुरेन्द्र रायमाझी कोषाध्यक्ष
खेम कुमार थापा सचिव
महेश शर्मा अध्यक्ष
श्री काजीपौवा कृषि सहकारी संस्था लि.
काजीपौवा, तानसेन, पाल्पा

बडादसैं २०८० को पावन अवसरमा
हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमीको शुभ अवसरमा दाजुभाई, दिदीबहिनी, इष्टमित्र, सहकारी अभियान्ता, शेयरसदस्य, शुभचिन्तक तथा सम्पूर्ण सेवाग्राहीवर्ग महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोपाल पाण्डे व्यवस्थापक
चेतनारायण पाण्डे अध्यक्ष
एवं
हिले बचत तथा ऋण सहकारी संस्था लि. परिवार
कालीगण्डकी-१, हर्मिचौर, गुल्मी

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।
विष्णु बहादुर थापा प्र.अ.
गम्बीरजंग रायमाझी अध्यक्ष
एवं
बाल ज्योति प्राथमिक विद्यालय परिवार
बर्तुङ, पाल्पा

